# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १० अंक ३३४ काठमाडौं मंगलबार, २० चैत २०८० Prabhab National Daily Tuesday, April 2, 2024 www.prabhabonline.com पृष्ठ ८ मूल्य रू. ५।-


## आलोपालो सहमतिपछि मुख्यमन्त्री जम्कट्टेललाई विश्वासको मत

■ प्रभाव संवाददाता



**काठमाडौं-** बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले तेस्रोपटक विश्वासको मत पाएका छन् । सोमबार बागमती प्रदेशसभामा ५६ जना सांसदले उनलाई विश्वासको मत दिएका हुन् ।

प्रदेशसभामा रहेका ११० सदस्यमध्ये बहुमत सदस्य ५६ जनाको मत प्राप्त गरे पनि उनले यो पटक निकै कसरत गर्नुपर्‍यो । नेकपा एकीकृत समाजवादी पार्टीले मुख्यमन्त्रीमा दाबी गरेपछि माओवादी केन्द्रबाट मुख्यमन्त्री बनेका जम्कट्टेललाई विश्वासको मत जुटाउन सकस परेको थियो । अन्ततः केन्द्रीय नेताहरूबीच आलोपालोमा मुख्यमन्त्री दिने सहमति जुटेपछि बल्ल एकीकृत समाजवादी विश्वासको मत दिन तयार भएको हो । उक्त सहमति नजुटेको भए उनले विश्वासको मत पाउने थिएनन् ।

सहमतिअनुसार माओवादी केन्द्र, नेकपा एमाले र एकीकृत समाजवादीले पालैपालो मुख्यमन्त्री पाउने भएको छ । हाल माओवादी केन्द्रकै मुख्यमन्त्रीलाई निरन्तरता दिने र पछि एमाले र एकीकृत समाजवादीबाट पालैपालो मुख्यमन्त्री बनाउने सहमति भएको हो ।

विश्वासको मत लिने सोमबारको प्रदेशसभा बैठकमा १०८ जना प्रदेशसभा सदस्य उपस्थित भएका थिए । जसमध्ये सत्ता गठबन्धन दल नेकपा एमालेका २७, नेकपा माओवादी केन्द्रका २१, नेकपा एकीकृत समाजवादीका सात र हाम्रो नेपाली पार्टीका एक गरी ५६ जनाले मुख्यमन्त्री जम्कट्टेललाई विश्वासको मत दिए ।

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसका ३७ जना सांसदले विश्वासको मतको विपक्षमा मतदान गरे । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र नेपाल मजदुर किसान पार्टी (नेमकिपा) भने तटस्थ बसेका छन् । प्रदेशसभामा राप्रपाको सभामुखबाहेक १२ र नेमकिपाको तीन मत रहेका छन् । प्रदेशसभामा हाम्रो नेपाली पार्टीका एक सदस्य अनुपस्थित रहे । उक्त पार्टीका प्रदेशसभा सदस्य शैलेन्द्र बज्राचार्यले मात्र विश्वासको मत दिएका छन् ।

- माओवादी केन्द्रपछि एमाले र एकीकृत समाजवादीले पालैपालो मुख्यमन्त्री पाउने
- मुख्यमन्त्री दिने सहमतिपछि मात्र विश्वासको मत दिन एकीकृत समाजवादी तयार
- एमालेका २७, माओवादी केन्द्रका २१, एकीकृत समाजवादीका सात र हाम्रो नेपाली पार्टीका एक गरी ५६ जनाले दिए मुख्यमन्त्री जम्कट्टेललाई विश्वासको मत
- कांग्रेसका ३७ जना सांसदले गरे विश्वासको मतको विपक्षमा मतदान । राप्रपा र नेमकिपा तटस्थ ।

(क्रमशः पृष्ठ २ मा)

## महत्त्वपूर्ण उपलब्धि नै बिआरआईबारे छलफल !



परराष्ट्रमन्त्रीको नौ दिने चीन भ्रमण

- परराष्ट्रमन्त्री श्रेष्ठको चीन भ्रमणले पोखरा अन्तर्राष्ट्रिय विमानस्थल बिआरआईको अंग भएको पुष्टि
- संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध तथा पर्यटन समितिमा सांसदहरूले मागे पोखरा विमानस्थल पूर्णरूपमा सञ्चालनमा आउन नसक्नुको कारण
- वैदेशिक रोजगारीका धेरैजसो प्रशासनिक काम काठमाडौं केन्द्रित भएकोले भैरहवा र पोखराको विमानस्थलबाट उडान हुन नसकेको अधिकारीहरूको भनाइ

■ प्रभाव संवाददाता

**काठमाडौं-** चैत ११ गते चीनको तीर्थ निस्केका उपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले आफ्नो भ्रमणको १९ बुँदे उपलब्धि सार्वजनिक गरेका छन् । सोमबार बिहान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा श्रेष्ठले यी सबैलाई महत्त्वका साथ प्रस्तुत गरे पनि बिआरआईलाई प्राथमिकतामा राखेको दाबी गरे । 'बेल्ट एण्ड रोड इनिसिएटिभ (बिआरआई)को कार्यान्वयन योजना बिआरआई इम्प्लिमेनटेसन प्लान्टलाई अन्तिम रूप दिई कार्यान्वयन गर्नेबारे छलफल भएको छ,' उपप्रधानमन्त्री श्रेष्ठले भने ।

मन्त्री श्रेष्ठले यसबारे प्रधानमन्त्री पुष्पकमल दाहालले यसअघि नै सम्झौता गरिसकेकोले अब अन्तिम रूप दिनमात्र बाँकी रहेको दाबी गरे । 'बिआरआईबारे प्रधानमन्त्रीको चीन भ्रमणमा समझदारी भइसकेको छ । यसैअनुसार यसपटक छलफल भएको हो । यसैलाई अन्तिम रूप दिएर सम्झौता हुन्छ,' श्रेष्ठले भने ।

चीनले लगानी गर्ने बिआरआईलाई नेपालले कार्ययोजना दिनुपर्ने हुन्छ । तर नेपालले अहिलेसम्म कुनै कार्ययोजना दिन सकेको छैन । बिआरआईको ढाँचाबारे नेपालमा विवाद जारी छ । यसैबारे प्रश्नमा परराष्ट्रमन्त्री श्रेष्ठले भने, 'हामी अनुदानमै फोकस गर्छौं, नेपालको हितका लागि गर्ने हो, अनुदान वा सहुलियतपूर्ण कर्जाबारे सहमति पछि हुने हो ।'

बेइजिङमा चीनका विदेशमन्त्री वाङ यीसँगको भेटमा बिआरआईबारे छलफल भएको चिनियाँ विदेश मन्त्रालयले यसअघि नै पुष्टि गरेको छ । 'चीन र नेपालबीचको परम्परागत मित्रतालाई अगाडि बढाउन, राजनीतिक आपसी विश्वासलाई सुदृढ गर्न, उच्च गुणस्तरको बेल्ट एण्ड रोड सहयोग निर्माण गर्न र विकास र समृद्धिका लागि मित्रताको चीन-नेपाल रणनीतिक सहयोगात्मक साझेदारीलाई नयाँ र उच्चस्तरमा पुर्‍याउन चीन नेपालसँग मिलेर काम गर्न तयार छ,' भेटपछि वाङले भनेको त्यहाँको विदेश मन्त्रालयले जनाएको छ । परराष्ट्रमन्त्रीको नौ दिने भ्रमणमा बिआरआईलाई प्राथमिकतामा राखिएको भनिए पनि नेपाल सरकारले भने यसबारे कुनै जानकारी दिएको थिएन ।

(क्रमशः पृष्ठ २ मा)

## संसदीय समितिमा उठ्यो प्रश्न



**काठमाडौं (प्रस)–** संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध तथा पर्यटन समितिमा सांसदहरूले पोखरा विमानस्थल पूर्णरूपमा सञ्चालनमा आउन नसक्नुको कारण माग गरेका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सांसद शिशिर खनालले व्यावसायिक योजना नभएकोले विमानस्थल सञ्चालनमा आउन नसकेको तर्क गरे । 'पोखरा र भैरहवा एयरपोर्टको बिजनेस प्लान के ?,' खनालले नेपाल वायुसेवा निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीलाई प्रश्न गरे ।

एमाले सांसद भीम आचार्यले पोखरा विमानस्थल बनिसकेको हुनाले अब पर्यटकीय गतिविधि बढाएर सञ्चालनमा ल्याउन सकिने बताए । 'पर्यटन गतिविधि तीव्र पार्नुपर्‍यो,' आचार्यले भने, 'भैरहवा र पोखरा एयरपोर्ट जसरी पनि चलाउनुपर्‍यो ।'

पोखरा विमानस्थलको कमजोर व्यवस्थापनका कारण अन्तर्राष्ट्रिय विमान उडान ठप्प छ । चीनबाट दुई र भुटानबाट एक चार्टर उडानबाहेक यहाँ कुनै अन्तर्राष्ट्रिय उडान हुन सकेको छैन ।

(क्रमशः पृष्ठ २ मा)

सन्दर्भः वैदेशिक रोजगार

## रूसका लागि श्रम स्वीकृति खुलाइएकोप्रति सांसदहरूको आपत्ति

■ प्रभाव संवाददाता

**काठमाडौं-** युद्धरत मुलुक रुसमा जाने नेपालीहरूका लागि श्रम स्वीकृति खुला गरिएकोप्रति संघीय संसद्मा सांसदहरूले प्रश्न उठाएका छन् । आइतबार र सोमबारको प्रतिनिधिसभा बैठकको विशेष समयमा नेपाली कांग्रेसका सांसदहरू रमा कोइराला पौडयाल र प्रदीप पौडेलले युद्धग्रस्त मुलुकमा युवाहरूलाई धकेल्नेगरी किन श्रम स्वीकृति दिइयो ? भनी प्रश्न उठाएका हुन् ।

सांसद कोइरालाले आइतबारको संसद् बैठकमा युद्धग्रस्त क्षेत्र र देशमा रोजगारीका लागि भन्दै श्रम स्वीकृति दिनु भनेको नेपालीहरूलाई जबरजस्ती युद्धमा धकेल्नु रहेको बताइन् । उनले यस्तो कार्य तत्कालै रोक्नुपर्ने माग गरिन् ।

'रुस र युक्रेन युद्धका कारण थुप्रै नेपाली युवाले मृत्युवरण गरिसकेका छन्,' उनले भनिन्, 'युद्धमा फसेका युवाहरू हामीलाई फर्काइदेऊ भन्दै रोइरहेका छन्, यस्तो समयमा सरकारले नै श्रम स्वीकृति दिएर रुस जाऊ भन्नुको अर्थ मृत्युको मुखमा धकेल्नु हो ।' उनले देशमा बेरोजगार युवाहरू धेरै भए भनेर श्रम स्वीकृति दिँदै सरकारले मृत्युको बाटो खुलाएको भन्दै आक्रोश व्यक्त गरिन् ।' देशमा रोजगारी दिन सकिएन भनेर युद्धग्रस्त मुलुका नेपालीलाई पठाउने कार्य स्वीकार्य नहुने उनको भनाइ छ । सांसद कोइरालाले श्रम स्वीकृति दिएर उनीहरूलाई मर्न जाऊ भनेर पठाउन नपाइने बताइन् ।

यस्तै सोमबारको प्रतिनिधिसभा बैठकमा सांसद प्रदीप पौडेलले पनि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले रुसका लागि खुलाएको श्रम स्वीकृति कसको स्वार्थमा आएको हो भन्दै प्रश्न गरे । उनले रोजगारीको नाममा मानव तस्करीलाई अनुकूल हुनेगरी श्रम स्वीकृति दिइएको आरोप लगाए । 'श्रम मन्त्रालयले मानव तस्करीमा अनुकूल हुन

> रूस र युक्रेन युद्धका कारण थुप्रै नेपाली युवाले मृत्युवरण गरिसकेका छन् । युद्धमा फसेका युवाहरु हामीलाई फर्काइदेऊ भन्दै रोइरहेका छन्, यस्तो समयमा सरकारले नै श्रम स्वीकृति दिएर रूस जाऊ भन्नुको अर्थ मृत्युको मुखमा धकेल्नु हो ।
>
> **रमा कोइराला पौडयाल**
> **प्रतिनिधिसभा सदस्य**

गरी किन श्रम स्वीकृति दिइरहेको छ ?,' उनले प्रश्न गरे । श्रम स्वीकृति दिनुमा गम्भीर स्वार्थ लुकेको भन्दै उनले रुसी सेनामा जाने नेपालीको संख्या बढाउन सरकार नै अग्रसर भएको आरोप लगाए ।

'रुसी सेनामा रहेका नेपालीहरूको उद्धार गर्नुको साटो श्रम स्वीकृति दिएर पठाउनुले गम्भीर प्रश्न खडा गरेको छ,' उनले भने, 'पछिल्लो समय रुसी सेनामा कति संख्यामा नेपाली छन् भन्नेसमेत सरकारलाई थाहा छैन, उनीहरू कस्तो अवस्थामा छन् पूरै वेखबर छ ।' रुसी सेनामा रहेका नेपालीहरूको सरकारले खोजी गर्ने चेष्टा नै नगरेको भन्दै सांसद पौडेलले पीडित परिवार र उनीहरूसँग काम गरेको स्वयंसेवीहरूले बताएअनुसार ७०० भन्दा बढी नेपाली रहेको उल्लेख गरे ।

### श्रमिकको न्यूनतम तलब एक लाख पुर्‍याउन माग

सोमबारको प्रतिनिधिसभा बैठकको विशेष समयमा बोल्दै नेकपा माओवादी केन्द्रका सांसद रामकुमार राईले रोजगारीका लागि विदेश जाने नेपालीहरूको मासिक न्यूनतम तलब एक लाख रूपैयाँ तोक्नुपर्ने बताए । उनले अब विदेश जाने नेपालीलाई एक लाख तलब हुने गरी पठाउने व्यवस्था मिलाउन सरकारसँग माग गरे । वैदेशिक रोजगारीमा जानेहरूलाई 'फ्रि भिसा, फ्रि टिकट' भने पनि त्यो अवसरबाट वञ्चित गरिएको उनले बताए ।

'विदेश जानेहरूलाई दुई/तीन लाख लिएर पठाउने गरिएको छ,' सांसद राईले भने, 'यसतर्फ सरकारको ध्यान जान सकेको छैन ।' विदेश गएकाहरूले भनेजस्तो काम नपाइरहेको भन्दै उनले तोकेअनुसारको काम गर्ने कम्पनी र तलब नपाउँदा युवाहरूले सास्ती भोग्नु परेको बताए ।

'कतिले काम पाइरहेका छैनन्, कतिले काम गरेबापत तलब पाइरहेको छैनन्, कति युवा विनाकारण जेल परेका छन्, सरकारले यस्तो समस्या समाधानका लागि पहल गरोस्,' उनले भने ।

## मकाउ पठाइदिन्छु भन्दै ठगी गरेको आरोपमा पक्राउ

**काठमाडौं (प्रस)-** वैदेशिक रोजगारीका लागि मकाउ पठाइदिन्छु भन्दै प्रलोभनमा पारी रकम ठगी गरेको अभियोगमा एक जनालाई प्रहरीले पक्राउ गरेको छ । मकाउमा आकर्षक तलबसहितको रोजगारी लगाइदिने भन्दै पीडितसँग रकम लिएर फरार रहेको आरोपमा सन्तोष गुरुङलाई प्रहरीले पक्राउ गरेको हो ।

सोलखुम्बुको थुलुङ दूधकोशी गाउँपालिका-४ घर भई हाल काठमाडौं कपन बस्ने गुरुङले छविमाया मगरसमेत १० जनालाई मकाउ पठाइ एक प्रतिष्ठित कम्पनीमा काम लगाइदिने विश्वास दिलाएर रकम ठगी गरेको प्रहरीले जनाएको छ । गुरुङले पीडितहरूसँग पटक-पटक गरी २० लाख ८५ हजार रूपैयाँ लिएर फरार भएको प्रहरी अनुसन्धानबाट खुलेको छ । रकम संकलन गरी फरार रहेका उनलाई खोजतलासका क्रममा कपनबाटै पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

गुरुङले पीडितहरूबाट रकम लिएर सम्पर्कविहीन भएको उजुरीका आधारमा वैदेशिक रोजगार विभाग काठमाडौंले पक्राउ गरी उपस्थित गराइदिन प्रहरीलाई पत्राचार गरेको थियो । सोही आधारमा पक्राउ परेका उनलाई थप अनुसन्धान तथा कारबाहीका लागि विभागमा बुझाइएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रहरी उपरीक्षक नकुल पोखरेलले जानकारी दिए ।




प्रभाव दैनिक National Daily

## पृष्ठ १ बाट क्रमश:

### आलोपालो सहमतिपछि...

सरकारमा सहभागी दलले समर्थन फिर्ता लिएमा नेपालको संविधानको धारा, १८८ को उपधारा २ अनुसार मुख्यमन्त्रीले प्रदेश सरकारमा सहभागी दलले आफ्नो समर्थन फिर्ता लिएमा ३० दिनभित्र विश्वासको मत लिनुपर्ने व्यवस्था छ । कांग्रेसले विश्वासको मत फिर्ता लिएको चैत २२ गते ३० दिन पुग्दै छ ।

यसअघि पहिलोपटक एमाले, माओवादी केन्द्र, राप्रपा, एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टीका ७० प्रदेशसभा सदस्यको समर्थनमा २०७९ साल पुस २५ गते मुख्यमन्त्री बनेका थिए ।

संघीय सरकारमा समीकरण परिवर्तन भएसँगै उनले दोस्रोपटक २०७९ साल चैत १० गते विश्वासको मत लिएका थिए । विश्वासको मत प्राप्त गरेपछि मुख्यमन्त्री जम्कट्टेलले सबैको विश्वासलाई साथमा लिएर प्रदेशबासीको हितमा काम गर्ने प्रतिबद्धता जनाए ।

■■■

### महत्वपूर्ण उपलब्धि...

काठमाडौं उत्रेपछिमात्र परराष्ट्रमन्त्री श्रेष्ठले यसबारे मुख खोलेका हुन् । नेपाल र चीनले सन् २०१७ मा 'बेल्ट एण्ड रोड इनिसिएटिभ कोअपरेसन' को समझदारीमा हस्ताक्षर गरेर परिवर्तनकारी यात्रा सुरु गरेको स्मरण गर्दै परराष्ट्रमन्त्री श्रेष्ठले बिआरआई सम्झौतामा थप सुदृढ हुन चाहेको बताए ।

#### केन्द्रमा पोखरा विमानस्थल

पोखरा अन्तर्राष्ट्रिय विमानस्थल अहिले धेरैको तारो बनेको छ । चिनियाँ ऋण तिर्न नसकेर अहिले मुस्किल छ । २८ अर्ब रूपैयाँभन्दा बढी ऋण बोकेर पनि विमानस्थलले कुनै व्यापार गर्न सकेको छैन । परराष्ट्रमन्त्रीको चीन भ्रमणमा यो ऋण कटौतीबारे छलफल हुने बताइएको थियो । तर मन्त्री श्रेष्ठले यसबारे कुनै सहमति सुनाएनन् । पोखरा विमानस्थल बिआरआईकै एक परियोजना भएको चीनको दाबी छ । तर नेपाल सरकारले यसलाई अझै लुकाउँदै आएको छ ।

पोखरा विमानस्थलमा थप उडान सञ्चालन गर्न चीन सकारात्मक रहेको मन्त्री श्रेष्ठको भ्रमणको उपलब्धिमा उल्लेख छ । 'नेपालको काठमाडौं र पोखरा तथा चीनका विभिन्न सहरबीच थप उडानहरू सञ्चालनमा ल्याउन दुवै पक्ष सकारात्मक रहेको छ,' श्रेष्ठले भने ।

■■■

### संसदीय समितिमा...

यसबारे प्रश्न गर्दा निगमका कार्यकारी अध्यक्ष अधिकारी गोलमटोल जवाफ दिएर पन्छिन खोजे । समितिमा अधिकारीले सांसदहरूलाई आफूले यसबारे अध्ययन गरिरहेको बताए ।

पर्यटन मन्त्रालयका सचिव डा. दीपक काफ्ले भने सामाजिक विषयको सटिक जवाफ नहुने बताउँछन् । 'विमानस्थल सञ्चालन र यसका बिजनेसका विषय सामाजिक हुन् । यसको वस्तुगत जवाफ हुन्न,' काफ्लेले भने ।

वैदेशिक रोजगारका धेरैजसो प्रशासनिक काम काठमाडौं केन्द्रित भएकोले भैरहवा र पोखराको विमानस्थलबाट उडान हुन नसकेको अनौपचारिक छलफलका क्रममा उनले बताए । पर्यटनमन्त्री हितबहादुर तामाङ आफू मन्त्रालय सम्हाल्न आइपुगेको समय भर्खरै भएकोले अध्ययनकै क्रममा रहेको भन्दै पन्छिए ।

# बिस्का जात्राको तयारी

**भक्तपुर–** यही चैत २७ गतेदेखि सुरु भई वैशाख ५ गते सम्पन्न हुने भक्तपुरको प्रसिद्ध बिस्केट जात्रा सभ्य र भव्य रूपमा सम्पन्न गर्न आयोजक र सरोकारवालाबीच छलफल भएको छ । भक्तपुर नगरपालिकाका नगरप्रमुख सुनिल प्रजापतिले सोमबार यहाँ आयोजित छलफलमा बिस्केट जात्रा भक्तपुरको मात्र नभई सिंगो देशको कला, संस्कृति र ऐतिहासिकताको पहिचान भएको बताए । उनले जात्रा शान्तिपूर्ण रूपमा सम्पन्न गर्न/गराउन आह्वान गरे ।

नगरप्रमुख प्रजापतिले भने, '२०८० चैत २७ देखि २०८१ वैशाख ५ गतेसम्म सञ्चालन हुने आठ रात नौ दिनको बिस्का जात्रा सांस्कृतिक नगरको गौरव गर्न लायक जात्रा भएकाले निर्धारित समयमै सुरु गरी समयमै सम्पन्न गर्नुपर्छ ।'

छलफलमा भक्तपुर नगरपालिकाकी उपप्रमुख रजनी जोशीले भक्तपुरको ऐतिहासिक एवं सांस्कृतिक महत्त्व बोकेको बिस्का जात्रा इञ्जिनियरिङको हिसाबले पनि महत्त्वपूर्ण जात्राका रूपमा रहेको व्याख्या गरिन् । जिल्ला प्रशासन कार्यालय भक्तपुरकी प्रमुख जिल्ला अधिकारी रोशनीकुमारी श्रेष्ठले बिस्का जात्रा अवसर र चुनौती मिश्रित भएकाले शान्तिपूर्ण रूपमा सम्पन्न गर्न/गराउने सबैको दायित्व भएको बताइन् । उनले गुठी संस्थानको तालिकाअनुसार समयमै जात्रा सुरु गरी समयमै सम्पन्न गर्न आग्रह गरिन् ।

प्रजिअ श्रेष्ठले बिस्का जात्राको समयमा जात्रा सञ्चालन हुने स्थानमा मदिराजन्य पदार्थको बेचबिखनमा रोक लगाउने र जात्रा अवधिभर शान्तिसुरक्षा कायम गर्न जिल्ला प्रशासन कार्यालयले संवेदनशील भएर काम गर्ने बताइन् । गुठी संस्थान भक्तपुरकी प्रमुख खिमा ओलीले गुठी संस्थान कार्यालयले सार्वजनिक गरेको तालिकाअनुसार जात्रा सञ्चालन भएमा मर्यादित तथा शान्तिपूर्ण ढंगले जात्रा सम्पन्न गर्न सकिने बताइन् ।

भक्तपुर नपाका जनप्रतिनिधि, राष्ट्रिय अनुसन्धान विभाग, सशस्त्र प्रहरी बल, नेपाल टेलिकम, काठमाडौं उपत्यका खानेपानी लिमिटेड, नेपाल विद्युत् प्राधिकरण, नेपाल रेडक्रस सोसाइटी, भैरवनाथ जात्रा सहयोग समिति, अस्पतालका प्रतिनिधि रसरोकारवालाको उपस्थिति थियो । बिस्का जात्रा व्यवस्थापनबारे सबै निकायले सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए । नगरपालिकाले जात्रा सञ्चालन हुने सम्पूर्ण क्षेत्रको सरसफाइ र व्यवस्थापन गर्ने भएको छ ।

जात्रा अवधिमा नगर क्षेत्रको शान्तिसुरक्षा जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी परिसर भक्तपुरले गर्ने, बिस्का जात्रासम्बन्धी सम्पूर्ण पूजाआजा र जात्रा समयमै सुरु र सम्पन्न गुठी संस्थान शाखा कार्यालयले गर्ने, जात्रासँग सम्बन्धित पूजाआजा र आवश्यक तयारी भैल नायोहरू, जात्रा व्यवस्थापन समिति र सम्बन्धित वडा कार्यालयले गर्ने निर्णय गरेको छ ।

### काठ लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८०/१२/२०**

यस सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई शान्तिनगर १ पेदीखोला दोभानमा घाटगद्दी गरी राखिएको साल जातको काठ ३२४.७५ क्यू. फि. र अन्य जातको १८०.७६ क्यू. फि. जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक व्यक्ति, संघ सस्था, फर्म वा कम्पनिले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद तथा दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सुचना पाटीमा, डिभिजन वन कार्यालयमा घोराही दाङमा र दाङ जिल्ला स्थित अन्य कार्यालयहरूमा समेत टांस गरिने छ ।

**श्री खर्काकोट सामुदायिक वन उपभोक्ता समह**
**शान्तिनगर–१, दाङ**


## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : LUMBINI FOR INFORMATION TECHNOLOGY NETWORK SERVICES CO

पूर्व स्वीकृति मिति २०८०/०८/०७ पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/१९ LT No. 295469 चलानी नं. ६०२१०४२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Technical Manager | 1 | 1 | 3500 | १२७,०६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | It Developer | 1 | 0 | 3500 | १२७,०६० | | | | | | | |
| 3 | Marketing Manager | 1 | 1 | 3000 | १०८,९०५ | | | | | | | |
| 4 | Sales Manager | 1 | 0 | 3000 | १०८,९०५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत २७ गते (9th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 1518/074/075

OM OVERSEAS EMPLOYMENT PVT.LTD

Basundhara - 3, Kathmandu, Nepal,Tel : +977-1-5903266, 985-1105656, 9801020501/ 9804347122/ 9815360583/ 9810232965/ 9824347702/ 9824387018

E-mail : omoverseas36@gmail.com, omoverseas666@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NAL AL KHALEEJ TRADING EST

पूर्व स्वीकृति मिति २०८०/०३/२९ पुन विज्ञापन स्वीकृति मिति : २०८०/१२/१९ LT. No. 289270 चलानी नं. ६०२०४६६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Workers | 3 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत २३ गते (5th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

CENTRAL CAPITAL SERVICES PVT.LTD.

श्रम ईजाजत नं. ५७४/०६२/०६३

P.O.Box : 6407, Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
Fax : +977-1-4479492, E-mail : info@centralcapitalservices.com, Web : www.centralcapitalservices.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : NASSER TRADG IMPORT CONT EST

पूर्व स्वीकृति मिति २०८०/१२/१८ LT. No. 302689 चलानी नं. ६०२१७७०५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver | 2 | 0 | 1800 | ६५,९०५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Labour | 1 | 0 | 1000 | ३६,६१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत २७ गते (9th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ROSEBUD HUMAN RESOURCE PVT. LTD

श्रम ईजाजत नं. १६६५/०८०/८१

Shambhu Marga, sinamangal-9, Kathmandu, Nepal , Tel.: +977-1-4597366
E-mail: info@rosebudhr.com , Web:www.rosebudhr.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : INDUSTRIAL BASIC MATERIAL COMPANY

पूर्व स्वीकृति मिति २०८०/१२/१५ LT No. 302702 चलानी नं. ६०२१७७३६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Driver Heavy Equipment | 1 | 0 | 2500 | ८८,८६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Electrical Technician | 1 | 0 | 1500 | ५३,३२० | | | | | | | |
| 3 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६३,९८५ | | | | | | | |
| 4 | Load & Unload Worker | 8 | 0 | 1000 | ३५,५४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत २७ गते (9th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Career Development Human Resource Pvt. Ltd.

श्रम ईजाजत नं. १२३०/०७४/०७५

Buddhanagar, New Baneshwor, Kathmandu, Nepal Phone : 01-4784063, 4784064, Fax: 01-4784063 E-mail: info@careerdevelopmenthr.com

## कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FITOUT INTERIORS & CONTRACTING WLL

पूर्व स्वीकृति मिति: २०८०/१२/१८ LT. No. 302884 चलानी नं. ६०२१७७१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Carpenter | 3 | 0 | 1200 | ४३,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Foreman | 2 | 0 | 2500 | ९१,५४० | | | | | | | |
| 3 | Labour | 4 | 0 | 1000 | ३६,६१५ | | | | | | | |
| 4 | Supervisor | 1 | 0 | 2500 | ९१,५४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत २७ गते (9th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

G.R. INTERNATIONAL EMPLOYMENT PVT. LTD.

श्रम ईजाजत नं. १०१५/०६८/६९

Samakhusi-29, Kathmandu, Bagmati Tel : +977-1-4989945
Mobile No: 9841866145, E-mail: gremploymentnepal@gmail.com


# बेलबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### कोशी प्रदेश, मोरङ, नेपाल

**जनहितमा जारी सन्देश**

## आगलागीबाट बच्ने तथा रोकथामका उपाय

- केटाकेटीले भेट्न सक्ने ठाउँमा सलाई, लाइटर जस्ता सामग्री नराख्नुहोस् ।
- भान्सामा खाना बनाउँदा ग्याँस वा आगो बल्ने अवधिभरि भान्सा छाडेर टाढा नजानुहोस् ।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर नै राख्नुहोस् ।
- सिलिण्डरको पाइप, सिलिन्डर समय-समयमा जाँच गर्नुहोस्, कुनै खराबी वा टुटफुट पाउनु भएमा, तुरुन्त मर्मत गराउन लगाउनुहोस् ।
- खाना बनाइसकेपछि ग्याँसको रेगुलेटर बन्द गर्ने तथा समय-समयमा ग्याँस सिलिण्डर र पाइपको सरसफाइ गर्नुहोस् ।
- ग्याँस सिलिण्डर घर ल्याउन अघि सिल नभएको, तौल कमजस्तो लाग्ने, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर नल्याउनुहोस् ।
- घरमा भएका विद्युत उपकरणहरु सही अवस्थामा छ/छैन नियमित जाँच गर्नुहोस्, नाङ्गो टार, टुटेफुटेका स्विच, एक्सटेन्सन कर्डलाई मर्मत् तथा परिवर्तन गर्नुहोस् ।
- एक्सटेन्सन कर्डमा धेरै विद्युत खपत गर्ने (आइरन, हिटर, फ्रिज, माइक्रोवेभ ओभन, मोटर) तथा अन्य धेरै उपकरण जोडेर एकैचोटि प्रयोग नगर्नुहोस् ।
- २ पिन स्विचको बदलामा सिधै नाङ्गो तार सकेटमा पसाएर विद्युतीय सामग्री प्रयोग कहिल्यै नगर्नुहोस् ।
- प्रयोग नभएको अवस्थामा विद्युतीय सामग्रीहरु सकेटबाट निकालेर अलग राख्नुहोस् ।
- राति सुत्ने बेलामा वा घर छाडेर बाहिर जानुपर्दा सम्पूर्ण विद्युतीय उपकरणहरु बन्द गरेरमात्र जानुहोस् । (यसले तपाईंलाई आगलागीबाट सुरक्षामात्र होइन बिजुलीको खपतमा कमी ल्याउन पनि सहयोग पुऱ्याउँछ ।)
- हावा चलेको अवस्थामा खुला स्थानमा आगो नबाल्नुहोस्, बारी, बाटोमा बालिएको आगो पूर्ण रुपमा निभेको निर्क्यौल गर्नुहोस् ।
- घरमा पेट्रोल, डिजेल, मट्टीतेलको भण्डारण नगर्नुहोस् । (यस्ता सामग्रीमा केटाकेटीको पहुँच रोक्नुहोस्)
- घरमा प्रज्ज्वलनशील पदार्थ राख्न परे यसलाई छुट्टै, उपयुक्त भाँडोमा राम्रोसँग बिर्को बन्द गरेरमात्र राख्नुहोस्, जहाँ आगोको स्रोत सहजै पुग्न नसकोस् ।
- कोठाभित्र चुरोट नखानुहोस् तथा जथाभावी चुरोटका ठूटा नफ्याक्नुहोस् ।

## अनेपक्षित आगलागीका पूर्वतयारी

- आफ्नो मोबाइलमा वा घरको टेलिफोन सम्पर्क सूचीमा वारुण यन्त्र (दमकल) को नम्बर ०२५-५२०१९९ र ९८४२०३८२९९ सेभ गरेर राख्नुहोस् ।
- घरमा रहेका पानीका ट्याङ्की पूर्णरुपमा रित्तो हुन्जेल प्रयोग नगर्नुहोस्, आकस्मिक अवस्थाको लागि केही मात्रामा पानी जोहो गरेर राख्नुहोस् ।
- कोठामा सिठी, टर्चलाइट सदैव तैयारी अवस्थामा राख्नुहोस् ।
- कोठामा खन्ती, झम्पल, मार्तलजस्ता सामग्री सुरक्षित साथ राख्नुहोस्, जसले आकस्मिक अवस्थामा झ्याल, ढोका फोडेर बाहिर निस्किन सकियोस् ।
- वन क्षेत्रमा डँढेलो लगाउने तथा चुरोट खाएर जथाभावी नफ्याक्नुहोस् ।

## आगलागी भइहालेमा के गर्ने ?

- तपाईंले कुनै आगलागीको घटना देख्नु भएमा, तत्काल छेउछाउमा रहेका अन्य व्यक्तिलाई पनि खबर गर्नुहोस् र नियन्त्रणमा सहयोगका लागि आग्रह गर्नुहोस् ।
- आगलागी कसरी भएको जान्ने प्रयास गर्नुहोस् । (विद्युतीय वा अन्य आगो)
- आगोको आकारमा विचार पुऱ्याउनुहोस्, आगो फैलन सक्ने र आगो तपाईंको नियन्त्रणमा आउने सम्भावना छैन भने तत्काल वारुण यन्त्रलाई खबर गर्नुहोस् ।
- विद्युतबाट आगो लागेको शङ्का लागेमा घरमा रहेको मेनस्विच तत्काल बन्द गर्नुहोस् ।
- विद्युतीयबाहेक अन्य सामान्य सानो आगलागी छ भने पानीको सहायताले निभाउने प्रयास गर्नुहोस् ।
- आगो कोठाभित्र लागेको छ र नियन्त्रण गर्न सम्भव छैन भने कोठाको ढोका बन्द गरिदिनुहोस् । (यसले आगोलाई सहजरुपमा फैलन दिँदैन)
- आगलागी भएको स्थानमा अग्नि नियन्त्रक बाहेक अरुलाई प्रवेश गर्न नदिनुहोस् ।
- आफनो ज्यान जोखिममा राखेर आगलागी भएको स्थानबाट सामान निकाल्ने प्रयास नगर्नुहोस् ।
- आगलागी भएको स्थानदेखि नजिकै रहेको मुख्य चौकमा केही सहयोगीलाई वारुण यन्त्रलाई बाटो देखाउनका लागि पठाउनुहोस् ।
- आगलागीबाट केही सामग्री जोगाउन सकिन्छ भने त्यसलाई निकालेर सुरक्षित स्थानमा राखिदिनुहोस् ।
- व्यक्तिगत घर तथा कार्यालयहरुमा पनि सुरक्षाको लागि बजारमा सहज र सुपथ मूल्यमा उपलब्ध हुने फायर एक्स्टिनगुसर, फायर ब्ल्याङ्केट राख्न सकिन्छ जसले आगलागीको सुरूवाती समयमा नै आगलागीलाई नियन्त्रण गरी जन-धनको थप क्षति हुनबाट रोक्न सकिन्छ ।

# 'शिक्षामा दलीय राजनीति अन्त्यका लागि अभियान चलाइन्छ'

**काठमाडौं (प्रस)-** शिक्षा, विज्ञान तथा प्राविधिमन्त्री सुमना श्रेष्ठले शिक्षा क्षेत्रमा रहेको दलीय राजनीति अन्त्यका लागि अभियान सञ्चालन गरिने बताएकी छन्। राष्ट्रिय सभाको 'संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समिति'को आजको बैठकमा मन्त्री श्रेष्ठले यो अभियानको सुरुआत त्रिभुवन विश्वविद्यालयबाट गरिने बताइन्।

'शिक्षा क्षेत्रको लगानी परिणाममुखी हुन नसक्नुका कारण दलीय भागबण्डा हो,' उनले भनिन्, 'मेरो पहिलो प्रयास टियुको सेवा आयोगमा भागबण्डा नगरी नियुक्त गर्न सुरु गरेको छु।' उनका अनुसार सेवा आयोगको सदस्यका लागि आवेदन दिन खुल्ला आह्वान भइसकेको छ।

शिक्षा क्षेत्रमा भएका प्रगति र अवस्थाबारे छलफल गर्न आयोजित बैठकमा मन्त्रालयका सचिव सुरेश अधिकारीले चालु आर्थिक वर्षमा हालसम्म भएका कार्यविवरण र भावी कार्ययोजना प्रस्तुत गरेका थिए। उनले शिक्षामा बजेट थप गर्नुपर्ने जनाउँदै जाजरकोट भूकम्पपीडित क्षेत्रका विद्यालय पुनर्निर्माण कार्ययोजना अगाडि सार्ने बताए। 'भूकम्पपीडित क्षेत्रका विद्यालय मर्मतमा बजेट बढाउने तयारीमा छौं,' उनले भने, 'यसका लागि आर्थिक स्रोत जुटाउने कार्य भइरहेको छ।'

बैठकमा सांसदहरू जगप्रसाद शर्मा, इन्दिरादेवी गौतम, राजेन्द्रलक्ष्मी गैरेलगायतले शिक्षाको स्तरोन्नतिको विषयमा सुझाव राखेका थिए। समितिका सभापति सोनाम ग्याल्जेन शेर्पाले राजनीतिकरणरहित सामुदायिक विद्यालय सञ्चालनमा रहेको उदाहरण प्रस्तुत गर्दै शिक्षाको गुणस्तर बढाउनुपर्नेमा जोड दिए।

### अभिभावकको सहभागिता सुनिश्चित गर्न आग्रह

यसैबीच सांसद तथा सरोकारवालाले विद्यालय शिक्षा विधेयक, २०८० ले विद्यालय सञ्चालनमा अभिभावकको अर्थपूर्ण सहभागिता हुनुपर्नेमा जोड दिएका छन्। सामुदायिक विद्यालय व्यवस्थापन समिति महासंघ नेपालको दशौं स्थापना दिवसका अवसरमा आयोजित 'शिक्षा ऐनमा अभिभावक' विषयक अन्तरक्रियात्मक कार्यक्रममा अभिभावकको भूमिकाबारे चासो व्यक्त गरिएको हो।

नेपाली कांग्रेसका महामन्त्री एवं सांसद गगनकुमार थापाले यो ऐन बनाउँदा अभिभावकको पनि सहभागिता हुनुपर्ने बताए। उनले भने, 'हामीले बहसमा अभिभावकलाई छुटाएका छौं। अभिभावकसँग सहकार्य गर्नुपर्छ। कतिपय ठाउँमा आवश्यकताभन्दा बढी विद्यालय छन्। अभिभावकसँग सहकार्य गरी सिकाइ केन्द्रको सञ्चालन गर्न सकिन्छ।' उनले ढल बिग्रिँदा वा खानेपानीको समस्या आउँदा जसरी समुदाय एकजुट हुन्छन् त्यसैगरी सामुदायिक विद्यालय सुधारका लागि समुदाय एकजुट हुनुपर्नेमा जोड दिए।

नेपाल कम्युनिस्ट पार्टी एमालेका सचिव एवं सांसद योगेशकुमार भट्टराईले अभिभावक, विद्यार्थी र शिक्षकको सहकार्यबाट कसरी विद्यालय व्यवस्थापनलाई चुस्तदुरुस्त बनाउन सकिन्छ भन्ने महत्त्वपूर्ण हुने बताए। 'धेरै लामो समयपछि शिक्षा ऐन बन्दै छ। यो सबैले छलफल गर्नुपर्ने विषय हो। सायद हरेक घरमा अभिभावक, विद्यार्थी छन् र शिक्षक पनि प्रायःजसो सबै ठाउँमा छन्,' उनले भने, 'यी तिनैको सहकार्यबाट कसरी विद्यालय व्यवस्थापनलाई चुस्तदुरुस्त बनाउन सकिन्छ त भन्ने महत्त्वपूर्ण छ। शिक्षामा राज्यको लगानी र अभिभावकत्व बढाउनु पर्नेछ।'

पूर्वशिक्षामन्त्री एवं नेकपा माओवादी केन्द्रका सांसद देवेन्द्र पौडेलले विद्यालय शिक्षामा सुधार नभए कुनै पनि क्षेत्रमा सुधार आउने नसक्ने बताए। उनले भने, 'शिक्षा क्षेत्र नै व्यवस्थित भएन भने केही पनि विकास हुँदैन। विद्यालय सधार हुन शिक्षकको प्रतिबद्धता, सक्रियता, मिहेनत आवश्यक छ। उनीहरू त्यसैमा केन्द्रित हुनुपर्छ। अभिभावकहरूले पनि चासो लिनुपर्छ। पूर्वाधार प्राथमिकता पर्छन् तर शिक्षामा प्राथमिकतामा पुगेको छैन।'

राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष डा. महाश्रम शर्माले वास्तविक अभिभावक र छद्म अभिभावक कसरी चिन्नेमा समस्या रहेको बताए। उनले भने, 'अबको ऐन बनाउँदा स्थानीय तहमा कुन विद्यालयको कति स्रोतसाधन छ त्यसको पनि पहिचान गर्नुपर्छ र संघीय सरकारले कति दिने भन्नेमा जानुपर्छ। नपढेको मान्छेले पनि व्यवस्थापन समितिमा बस्न सक्छ र आफ्नो दृष्टिकोण दिन सक्छ। विद्यालय व्यवस्थापनमा वास्तविक अभिभावकलाई निर्णय प्रक्रियामा सहभागी गराउनुपर्छ।'


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL-GHADEER FACTORY FOR EGG TRAYS BRANCH OF MOHAMMED AND BASEEM AL-GHADEER COMPANY

पूर्व स्वीकृति मिति २०८०/१२/१९ | LT. No. 302916 | चलानी नं. ६०२१७७४९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 2 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत २७ गते (9th April 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Mass Human Resource Pvt. Ltd.**
(ISO Certified Ethical Recruitment Company)
SAMAKHUSI, KTM, Nepal, TEL: 4983088, 4955765, 9860684532, 9842381591
Govt. License 938/067/068

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ADVANCED TECHNOLOGY COMPANY KS

पुर्व स्वीकृति मिति २०८०/०९/२६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/१९ | LT No :297670 | चलानी नं. ६०२१२९०२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Nurse | 50 | 50 | 280 | १२१,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cleaner | 10 | 10 | 120 | ५२,००० | | | | | | | |
| 3 | Dental Hygienist / Dental Assistant | 0 | 20 | 450 | १९५,००० | | | | | | | |
| 4 | Driver | 10 | 0 | 135 | ५८,५०० | | | | | | | |
| 5 | Nurse | 50 | 50 | 350 | १५१,६७० | | | | | | | |
| 6 | Security Guard | 20 | 0 | 125 | ५४,१६५ | | | | | | | |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

कम्पनी : CITY GROUP FOR GENERAL TRADING COMPANY

पुर्व स्वीकृति मिति २०७९/०९/०६ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/१९ | LT No :278050 | चलानी नं. ६०१९३५८८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Dental X-ray Assistant | 115 | 98 | 250 | १०८,३३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Lab Technician/Lab Assistant | 25 | 25 | 300 | १३०,००० | | | | | | | |
| 3 | Pharmacy Asst. | 80 | 80 | 250 | १०८,३३५ | | | | | | | |
| 4 | Phlebotomist/Lab Assistant | 74 | 83 | 250 | १०८,३३५ | | | | | | | |
| 5 | X-ray Technician/Lab Assistant | 25 | 25 | 300 | १३०,००० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत २७ गते (9th April 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Omega International Pvt. Ltd.**
Govt. License No. 1352/074/075
Basundhara, Kathmandu, Nepal, Ph. No: +977-4954327, 4954337
E-mail : info@omeganepal.com,Website : www.omeganepal.com

## Free Visa!! Free Ticket!!
## बहराईनमा नि:शुल्क वैदेशिक रोजगारको अवसर

कम्पनी : THE ART HOTEL & RESORT W.L.L.

पूर्व स्वीकृति मिति २०७९/११/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/१९ | LT. No. 281303 | चलानी नं. ६०१८५७३०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BHD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bar Tender | 5 | 0 | 183 | ६४,९३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Beech Attendant/ Recreation Attendant | 10 | 0 | 135 | ४७,९०० | | | | | | | |
| 3 | Commis 1 | 5 | 5 | 180 | ६३,८६५ | | | | | | | |
| 4 | Commis 2 | 5 | 0 | 160 | ५६,७७० | | | | | | | |
| 5 | Commis 3 | 10 | 10 | 135 | ४७,९०० | | | | | | | |
| 6 | Hostess | 0 | 5 | 154 | ५४,६४० | | | | | | | |
| 7 | Housekeeping Attendant/ Room Attendant | 10 | 10 | 130 | ४६,१२५ | | | | | | | |
| 8 | Kitchen Steward | 5 | 0 | 130 | ४६,१२५ | | | | | | | |
| 9 | Laundry Attendant | 5 | 0 | 130 | ४६,१२५ | | | | | | | |
| 10 | Life Guard | 5 | 5 | 189 | ६७,०६० | | | | | | | |
| 11 | Waiter/waitress | 10 | 10 | 140 | ४९,६७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत २७ गते (9th April 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले |

सेवा शुल्क: नि:शुल्क/-

बैदेशिक रोजगार बिभागबाट गराएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस्। २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै बिमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला।

**VISION & VALUE OVERSEAS PVT. LTD.**
श्रम इजाजत नं. ८२२/०६६/०६७
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450, P.O.Box:7764
Mobile:9802356847, 9863194839, 9802356846, 9863194834, 9863194832, 9863194833, 9863194835
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : DRAIEH KUWAITI READY FOODSTUFF CO. W.L.L.

पुर्व स्वीकृति मिति २०८०/०१/२१ | पुन विज्ञापन स्वीकृति मिति २०८०/१२/१९ | LT. No. 285517 | चलानी नं. ६०२००९६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter/Waitress | 5 | 10 | 120 | ५२,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Senior Cook | 3 | 0 | 175 | ७५,८३५ | | | | | | | |
| 3 | Rig Boys | 10 | 0 | 100 | ४३,३३५ | | | | | | | |
| 4 | Packing Employee | 1 | 0 | 100 | ४३,३३५ | | | | | | | |
| 5 | Housekeepers | 15 | 0 | 100 | ४३,३३५ | | | | | | | |
| 6 | Cook | 5 | 0 | 150 | ६५,००० | | | | | | | |
| 7 | Cleaner | 2 | 0 | 100 | ४३,३३५ | | | | | | | |
| 8 | Assistant Cook | 3 | 0 | 125 | ५४,१६५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत २७ गते (9th April 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Al Kausar Human Resource Pvt.Ltd.** (Makawanpur Overseas Pvt. Ltd.)
श्रम इजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JAFFAR BIN AHMED BIN ALI AL-MUWAHID QAISSOUM RESTAURANT FOR SERVING MEALS

पुर्व स्वीकृति मिति: २०८०/१२/१८ | LT. No. 302883 | चलानी नं. ६०२१७७१४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN WORKER | 2 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत २७ गते (9th April 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Al Amal Overseas Pvt. Ltd.**
Govt. License No. 1345/074/075
Samakhusi-26, Kathmandu, Nepal +977-1-4360015, 4366061
E-mail : info@alamaloverseas.com, alamaloverseas@gmail.com
Website : alamaloverseas.com

## मलेसिया/कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनी : YHL TRADING (SEGAMAT) SDN BHD

पूर्व स्वीकृति मिति: २०७९/०८/२८ | पुन विज्ञापन स्वीकृति मिति: २०८०/१२/१९ | LT. No. 277765 | चलानी नं. ६०१९३३५७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 15 | 0 | 1500 | ४२,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

कम्पनी : KHONAYSSER POWER FACTORY

पूर्व स्वीकृति मिति: २०८०/१२/१८ | LT. No. 302887 | चलानी नं. ६०२१७७२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Product Worker | 6 | 0 | 1000 | ३६,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Load And Unload Workers | 8 | 0 | 1000 | ३६,६१५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत २७ गते (9th April 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**Al Haya Recruitment Pvt. Ltd.**
श्रम ईजाजत नं. १०९३/०७३/०७४
Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610
E-mail : alhaya.recruitment@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : JMRAN OPERATION AND MAINTANANCE

पूर्व स्वीकृति मिति २०८०/१२/१८ | LT. No. 302905 | चलानी नं. ६०२१७७५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 50 | 0 | 1000 | ३५,५५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : DAL NINE DRINKS ESTABLISHMENT

पूर्व स्वीकृति मिति २०८०/१२/१८ | LT. No. 302871 | चलानी नं. ६०२१७७१०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Coffee Maker | 1 | 0 | 1500 | ५३,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत २७ गते (9th April 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD.** (Kumari Overseas Services Pvt. Ltd.)
श्रम ईजाजत नं. ३३६/०५९/०६०
Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4112588 , 4111286, 4111287 Fax : +977 1 4112590

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL KHEBRA ON DEMAND LABOUR SUPPLY

पुर्व स्वीकृति मिति २०८०/१२/०७ | LT No.301972 | चलानी नं. ६०२१६८८१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Mason | 35 | 0 | 1200 | ४३,५६० | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | | २ वर्ष |
| 2 | Shuttering Carpenter | 30 | 0 | 1200 | ४३,५६० | | | | | | | |
| 3 | Steel Fixer | 35 | 0 | 1200 | ४३,५६० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८० चैत २७ गते (9th April 2024) मा हुनेछ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**SUN AND COMPANY PVT. LTD.**
श्रम ईजाजत नं. १६४/०५६/०५७
GPO Box: 4302, Dhumbarahi, Kathmandu, Nepal Tel : +997-1-4375649, 4376170
Mobile: 9806817311, 9845466237, E-Mail : sun@mail.com.np, bigyan48@yahoo.com
Website : www.sunandcom.com


## दिक्तेल रूपाकोट मझुवागढी नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### दिक्तेल खोटाङ

## बोलपत्र आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/१२/२० गते।**

यस नगरपालिकाद्वारा तपसिल अनुसारको निर्माण कार्य राष्ट्रियस्तरको खुल्ला बोलपत्र खरिद प्रक्रियाबाट खरिद गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक योग्य नेपाली बोलपत्रदाताहरूका लागि बोलपत्र कागजातमा उल्लेखित शर्तहरूको अधिनमा रही रितपूर्वकको बोलपत्र आह्वान गरिन्छ। यस सम्बन्धी सम्पूर्ण कुराहरू बुझ्नको लागि यस कार्यालयको वेब साईट http://www.rupakotmajhuwagadhimun.gov.np, यस कार्यालयको सूचना पाटी तथा कार्यालय समयमा कार्यालयको पूर्वाधार विकास शाखामा सम्पर्क गर्न सकिनेछ।

**बोलपत्र सम्बन्धी कार्यको विवरण**

| ठेक्का नं. | कामको विवरण | बोलपत्र पेश गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय | लागत अनुमान रकम रु. (भ्याट र पि.एस. सहित) | बोलपत्र जमानत रकम रु. | बोलपत्र फारम खरिद दस्तुर रु. | बोलपत्र फारम खरिद गर्न सकिने मिति |
|---|---|---|---|---|---|---|---|
| 10/DRMM/NCB/W/2080/081 | Construction of Agriculture Market | २०८१/०१/२१ दिनको १२:०० बजे सम्म | २०८१/०१/२१ दिनको १७:०० बजे | ४८,३५,८२०।- | १,२५,०००।- | ३,०००।- | २०८१/०१/२० कार्यालय समयसम्म |
| बैंक विवरण | | बोलपत्र फारम खरिद दस्तुर जम्मा गर्ने प्रयोजनका लागि: Rastriya Banijya Bank, Diktel Branch, Khotang **Name of Account:** DIKTEL NA.PA.(GA-1-1)-AANTARIK RA **Account No.:** 2060100301010003 | | बोलपत्र जमानत नगद जम्मा गर्ने प्रयोजनका लागि: Rastriya Banijya Bank, Diktel Branch, Khotang **Name of Account:** DIKTEL NA.PA. (GA-3)-DHARAUTI ACCOUN **Account No.:** 2060100303000003 | | | |

प्रमुख प्रशासकीय अधिकृत

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### द्वन्द्वग्रस्त मुलुक जान सरकारकै प्रोत्साहन !

रुस र युक्रेन द्वन्द्वग्रस्त मुलुक हुन् । यी दुई मुलुकको दोहोरो युद्ध छिटफुट जारी छ । यो युद्धमा परी ४० जना नेपालीले आफ्नो जीवन गुमाइसकेका छन् । विभिन्न अपुष्ट जानकारीअनुसार करिब ७०० नेपाली रुसी सेनामा भर्ना भएका छन् । स्वदेशमा रोजगारी नमिलेपछि नेपालीहरू दोस्रो देश हुँदै रुसी सेनामा भर्ती हुन पुगेको खुलिसकेको छ । यो अवधिमा ३०० जति रुसी सेनामा भर्ती भएका नेपालीहरू बेपत्ता रहेको बताइएको छ । तर सरकारले यो विषयको ख्यालै नगरी रोकिएको श्रम स्विकृति खुला गरेको छ ।

दुई देशबिच युद्ध चर्किएपछि सरकारले गत पुस १९ गते रुसमा जानका लागि श्रम स्विकृति रद्द गरेको थियो । यो बीचमा सरकारले रुसी सेनामा भर्ती हुन सरकारले कुनै अनुमति नदिएको दाबी गर्दै आएको थियो । तर रुसमा श्रम स्विकृति दिनेबित्तिकै त्यहाँको सरकारले जुनसुकै काम गर्न दिन सक्छ । अझ युद्धको बेला रुसी सेनालाई सहयोग गर्ने नेपाली भए झनै राम्रो । यस्तो बेला सरकारले एकहप्ता अघिमात्र सरकारले रुस जान लगाएको रोकलाई हटाएको हो । सरकारको यो निर्णयसँग देशमा भोकै मर्नुभन्दा पराइ देशमा पैसा कमाउँदै गोली खानु नेपाली युवाको विवशता बन्ने भएको छ ।

सरकारले युद्धग्रस्त क्षेत्रमा युवालाई जबरजस्ती धकेले झैं यस्तो निर्णय गर्नु दुर्भाग्य नै मान्नुपर्छ । यस विषयमा संघीय संसदमा सांसदहरूलेसमेत प्रश्न उठाएका छन् । रुसमा कति नेपालीहरू स्वदेश फर्काउन सरकारसँग बिलौन गरिरहेका छन् । यो बेला सरकारले भने श्रम स्विकृति खुलाएर मृत्युको मुखमा धकेलिरहेको प्रष्ट देखिन्छ ।

श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालयले रुसका लागि खुलाएको श्रम स्वीकृति बिचौलियाको स्वार्थ केन्द्रित देखिन्छ । केही युवा आकर्षक कमाइको लोभमा रुस जान हत्ते पनि गर्छन् । उनीहरूलाई बिचौलियाले मोटो रकम लिएर रुस पुऱ्याउन सरकारी कर्मचारीसम्म प्रभावमा पार्न सक्छ । विभिन्न स्थानमा सेटिङ गर्न सक्छन् । यस्ता खालका निर्णयबाट तस्कर पनि सल्बलाउँछन् । यस्तो अवस्थामा सरकार संयम बन्नुपर्छ । दुई देशबीचका युद्धको भूमिमा नेपाली युवालाई सिकार बनाउन पक्कै पनि हुँदैन ।

रुसी सेनाबाट भागेर आएका नेपालीहरूले बढीजसो भाषाकै समस्याका कारण नेपालीले अकालमा ज्यान गुमाउनुपरेको बताएका छन् । अर्को विषय त्यहाँको सेनाले चलाउने हतियार चलाउन नजान्दा पनि नेपालीहरूको ज्यान गएको बताइएको छ । यस्तो अवस्थामा आधारभूत ज्ञान नै नभएकाहरूलाई रुस पठाउनु पनि गलत हो । त्यसैले युवालाई रुस पुग्ने प्रोत्साहनजन्य यस्ता निर्णय तत्काल फिर्ता लिनुपर्छ ।

# कागजमा लैंगिक समानता व्यवहारमा असमानता



▶▶ अमृता अनमोल

राजनीतिक नेतृत्व तहमा लैंगिक वा महिला संरचना महिलाका लागि मात्रै हो भन्ने गलत बुझाइ छ । महिला वा अन्य लिंगीको अधिकार खोज्नु पुरुषको अधिकार घटाउने हो भन्ने गलत धारणा छ । लैंगिक समानता खोज्नु पुरुषलाई असमान व्यवहार गर्नु होइन । पुरुषको अधिकार खोस्नु पनि होइन । बरु पुरुषको स्थानमा महिला र अन्य लिंगीलाई पनि पुऱ्याउनु हो । फरक लिंगीका फरक पहिचान, आवश्यकता र समस्या हुन्छन् त्यसलाई बुझ्नु हो ।

नेपालको संविधानले महिला, पुरुष वा अन्य लिंगी भएकै कारण फरक व्यवहार हुन नहुने वा असमान व्यवहार गर्न नहुने प्रस्ट पारेको छ । पुरुष वा यौनिक तथा लैंगिक अल्पसंख्यकप्रतिको समान अवसर, व्यवहार र अधिकारको उपभोग हो लैंगिक समानता । समाजका हरेक व्यक्तिलाई सम्मानित र सुरक्षित बनाउन लैंगिक समानता आवश्यक छ । व्यक्तिले आत्मसम्मान महसुस गर्न शरीर, सम्पत्ति र शक्तिमा आफ्नो नियन्त्रण हुनुपर्छ । तर, महिलाका यी तीनै चिज बाँधिएका छन् । उनीहरूप्रति व्यक्ति, समाज र राष्ट्रले गर्ने पूर्वाग्रही सोचमा परिवर्तन नल्याउँदासम्म लैंगिक समानता संविधान र ऐन कानुनमा मात्रै हुँदोरहेछ । जुन नेपाली समाजमा देखिएको छ ।

राष्ट्रिय जनगणना-२०७८ को तथ्यांक हेर्ने हो भने महिलाको जनसंख्या पुरुषको भन्दा छ लाख ५७ हजार ६७६ बढी छ । कूल जनसंख्या दुई करोड ९१ लाख ६४ हजार ५७८ हुँदा महिला ५१.०४ प्रतिशत छन् भने पुरुष ४८.९६ प्रतिशत । महिलाको जनसंख्या बढ्दै मात्र छैन पति, बाबु, ससुरा, दाइभाइ विदेश पठाएर घर सम्हाल्ने पनि धेरै महिला बनेका छन् । यो राम्रो कुरा हो । तर, जनगणनाकै तथ्यांकले विदेश बस्ने जनसंख्या २१ लाख ९० हजार ५९२ देखाएको छ । यसमा पुरुषको हिस्सा ८१.२८ प्रतिशत छ भने महिला जम्मा १८.७२ प्रतिशत छन् । पुरुषलाई वैदेशिक रोजगारीमा पठाएर घर सम्हाल्ने हुने वा आफैं कमाउने महिला बढ्दै गए पनि घरमूली बन्ने र सम्पत्तिको मालिक बन्ने महिला भने बढेका छैनन् । असमान शक्ति सन्तुलनले संरक्षणको भूमिका निभाए पनि महिलालाई मालिक बनाएको छैन । मालिक नबन्दा आफूअनुकूल सम्पत्ति उपभोग गर्न र अधिकार प्रयोग गर्न पाएका छैनन् । यसले महिलामाथिको असमान व्यवहार र थिचोमिचो हटेको छैन ।

जनगणनाकै अर्को तथ्यांकले सम्पत्तिमा महिला कसरी वञ्चित छन् भन्ने प्रस्ट पार्छ । तथ्यांकअनुसार नेपालमा २.३ प्रतिशत महिलाको मात्रै घरमा स्वामित्व छ । सम्पत्तिमा स्वामित्व हुने महिला जम्मा ९.७ प्रतिशत छन् । घरजग्गामध्ये केहीमा अर्थात् सम्पत्तिमा स्वामित्व हुने महिला १.८ प्रतिशत छन्, ७४.६ प्रतिशत महिलाको घरजग्गा केहीमा पनि स्वामित्व छैन । महिलाकै जिम्मामा घरपरिवार चले पनि महिला घरमूली बन्न अझै सकेका छैन । नेपालका ३१.५ प्रतिशत महिलामात्रै घरमूली बन्न सकेका छन् । अर्थात् घरघरमा अझै पनि पितृसत्ता छ । घरपरिवार सम्हाल्ने महिला तर घरमूली बन्नेचाहिँ पुरुष । यसले महिलामाथि आफ्नै परिवारले भर नगरेको र लैंगिक असमानता एवं विभेदलाई उदांगो बनाएको छ ।

नेपालको संविधानले महिलालाई आफ्नो शरीर आफ्नो अधिकारको सुनिश्चित गरेको छ । अर्थात् पहिलोपटक महिलालाई सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यसम्बन्धी हक दिएको छ । यसले महिला गर्भवती हुने वा नहुने रोज्न पाउनेदेखि राज्यबाट सुरक्षित मातृत्व सेवा पाउनुपर्ने अधिकारलाई समेट्छ । विवाह गर्ने वा नगर्ने, कहिले गर्ने, कोसँग गर्ने, सन्तान जन्माउने वा नजन्माउने, कति जन्माउने र कहिले जन्माउने भन्ने अधिकार महिलाले निर्णय गर्न पाउँछिन् । सेवालाई सुरक्षित, गुणस्तरीय, सर्वसुलभ तथा पहुँचयोग्य बनाउन सुरक्षित मातृत्व तथा प्रजनन अधिकार ऐन, २०७५ लागू गरिएको छ । तर, अहिले पनि बाबुआमाले रोजेको केटासँग विवाह नगर्दा परिवार त्याग्नुपरेका र सन्तान नजन्माउँदा पतिले छोड्ने गरेका थुप्रै घटना छन् । विवाहदेखि सन्तान जन्माउने बेलासम्म आइपुग्दा महिलामाथि थुप्रै विभेद् र हिंसा भएका छन् ।

अझै पनि धेरै महिला कम उमेरमा विवाह गर्न बाध्य छन् । जनगणनाको तथ्यांकमा विहेवारी २० पारि भने पनि पहिलो विवाह गर्दाको औसत उमेर महिलाको १८ छ भने पुरुषको २१ छ । विहे भएकामध्ये ४५ हजार ७७३ अर्थात् ०.५ प्रतिशत महिलाले १० वर्ष पनि नपुग्दै विहे गरेका छन् । नेपाली समाज अझै पनि छोरा जन्माउन लालायित छ । यसले छोरा र छोरीबीच गर्भदेखि नै विभेद् छ । छोरी भए जन्म नै नदिए परिपाटी बढेको छ । प्रजनन्योग्य महिलाले जन्माएका एक करोड २७ लाख नौ हजार ९६९ सन्तानमा छोरीको संख्या जम्मा ४७.३ प्रतिशत छ । जबकि छोरा ५२.७ प्रतिशत छन् । भरखर जन्मिएका सन्तानमा छोरीको संख्या करिब पाँच प्रतिशतले कमी छ । यसले भविष्यमा ठूलो लैंगिक असमानता मात्रै होइन, संकट निम्त्याउनेवाला छ ।

लैंगिक समानताको अर्को सूचक हो शक्तिमा पहुँच र नियन्त्रण । यसमा पनि महिला कमजोर छन् । महिलाहरू दैनिक १८ घण्टासम्म काम गर्छन् । घरपरिवार हेर्ने र भान्सा सम्हाल्ने काम महिलामाथि छ । तर, यसलाई काम मानिन्न । पारिश्रमिक पनि दिइँदैन । महिलाहरू आर्थिक उपार्जनका काममा कम सहभागी छन् । तथ्यांकअनुसार देशका ४२.९ प्रतिशत महिलाले आर्थिक उपार्जनको काम गर्दैनन् । यस्तो संख्या पुरुषको ३१.६ प्रतिशत छ । आर्थिक उपार्जनका काम गरी हाले पनि धेरै महिलाले परम्परागत काम गरेका पाइन्छन् । जस्तो कि आर्थिक काममा संलग्न महिलामध्ये ५६.९ प्रतिशत महिला कृषि मजदुरीको काम गर्छन् । २६.९ प्रतिशत अन्य पारिश्रमिकका काम गर्छन् । प्राविधिक तह, डाक्टर इञ्जिनियरजस्ता विशेषज्ञता भएका काममा महिला संलग्नता असाध्यै कम छ । सेवामूलक र कम आर्थिक उपार्जनका काम गर्दा महिलाको आर्थिक पहुँच कमजोर छ । राजनीतिमा निर्णायक तहमा नहुँदा शक्ति र नियन्त्रण पनि पुरुषको हातमा छ ।

लैंगिक असमानता हुनु भनेको महिला, पुरुष र अन्य लिंगी भएकै कारण असमान र भेद्भावपूर्ण व्यवहार हुनु हो । व्यक्तिलाई आफ्नो कस्तो व्यवहारले लैंगिक असमानता र हिंसा भएको छ भन्ने ज्ञान नहुनु पनि हो । ज्ञान भएकाले पनि व्यवहारमा ढाल्न प्रतिबद्ध नपारिनु हो । लैंगिक असमानताले पुरुषलाई आर्थिक काम गर्नैपर्ने बोझ थपेको छ । महिलामाथि शरीरदेखि स्वतन्त्र बाँच्न पाउने अधिकार खोसेको छ । लैंगिक हिंसा थोपरेको छ । कुनै व्यक्ति महिला, पुरुष वा अन्य यौनिक पहिचान भएकै कारण गरिने हिंसा लैंगिक हिंसा हो । असमान शक्ति सन्तुलनका कारण लैंगिक हिंसा महिलामाथि धेरै छ । समाजमा महिला, पुरुष र अन्य यौनिक पहिचान भएकै नाताले उनीहरूले सम्पादन गर्नुपर्ने भूमिका, जिम्मेवारी, काम, कर्तव्य निर्धारण हुन्छ । यही कारण लैंगिक असमानता र हिंसा भइरहेको हो । नेपाल प्रहरीको तथ्यांकअनुसार हरेक चार महिलामध्ये एक जनाले कुनै न कुनै लैंगिक हिंसा भोगेका छन् । बालविवाह, बहुविवाह, दाइजो, छाउपडीजस्ता हानिकारक प्रथा र जबर्जस्ती करणी, बेचबिखन, गर्भपतनजस्ता महिलालाई वस्तुका रूपमा प्रयोग गर्न खोज्ने मानसिकता लैंगिक हिंसाका कारक तत्त्व हुन् । गर्भमा छोरी भएको थाहा पाउँदा भ्रुण हत्या गर्ने प्रचलन अझै छ । धर्मका आडमा महिलामाथि गरिने विभेद् उस्तै छ । पितृसत्ताका कारण राजनीति, रोजगार, ज्याला, प्रजनन्, कार्यस्थलमा दिने जिम्मेवारी, बजेट तथा कार्यक्रममा लैंगिक विभेद् छ । तिनै विभेद्ले पनि हिंसा जन्मिएको छ । धेरैले रुढीवादी संस्कार मान्दा तर लैंगिक संवेदनशीलता नबुझ्दा हिंसा गरेको देखिन्छ ।

स्वस्थ र समतामूलक समाज निर्माण गर्न लैंगिक समानता आवश्यक छ । त्यसका लागि लैंगिक संवेदनशीलता बुझ्नैपर्ने हुन्छ । समान भन्दैमा सबैलाई उस्तै अवसर र उपयोगिता नहुन सक्छ । त्यसका लागि समतामूलक व्यवहार चाहिन्छ । पुरुष, महिला र यौनिक तथा लैंगिक अल्पसंख्यकका लागि गर्नुपर्ने थुप्रै फरकखाले विषय हुन्छन् । त्यस्ता विषयमा राज्यले संबोधन गरिदिनुपर्छ । फरक लिंगीका फरक आवश्यकता बुझ्न र अहिलेसम्मको धारणा फेर्न बोलीदेखि व्यवहार, नीतिदेखि कार्यक्रमसम्म लैंगिक संवेदनशीलता चाहिन्छ । लैंगिक संवेदनशीलताले मात्रै लैंगिकताका आधारमा हुने सबै प्रकारका हिंसा विभेद् कूरीति अन्धविश्वास अपराध बहिष्करण र वञ्चितीकरणलाई अन्त्य गर्दै महिला र पुरुषबीच हुने गरेका सबै किसिमका विभेद् र असमानता हटाउन सकिन्छ । बालबालिका, किशोर, वयस्क, वृद्धा महिला र सबै लिंगका व्यक्तिलाई विनाभेदभाव सम्मानित जीवनयापन गर्न सक्षम तुल्याउन सकिन्छ ।

संघीयता कार्यान्वयनसँगै देशमा सात प्रदेश सरकार छन् । तिनमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित कम्तीमा सातदेखि १५ मन्त्रालय छन् । त्यस मातहतका महाशाखा र एक दर्जनभन्दा बढी निर्देशनालय छन् । जिल्ला तहमा विषयगत डिभिजन कार्यालय खोलिएका छन् । तर, जनसंख्यामा करिब ५१ प्रतिशत महिलालाई सम्बोधन गर्न कुनै संरचना छैन । मन्त्रालय, महाशाखा, निर्देशनालय, डिभिजन कार्यालय कतै पनि महिलाको छुट्टै संरचना छैन । प्रदेश संरचना बनाउँदा महिलाको आवश्यकता, मूल्यांकन र भूमिका बिर्सिइएको छ । संघीयतामा महिला खोलो तऱ्यो लौरो बिर्स्यो भनेजस्तै भएको छ । लैंगिक समानता, महिला सशक्तीकरण बढाउन लैंगिकताका आधारमा हुने हिंसा घटाउन र तिनमा पैरवी गर्न छुट्टै संरचना बन्नुपर्छ । बल्ल लैंगिक समानता कायम राख्न र महिला अधिकारको उपलब्धि संस्थागत गर्न सहज हुने छ ।

राजनीतिक नेतृत्व तहमा लैंगिक वा महिला संरचना महिलाका लागि मात्रै हो भन्ने गलत बुझाइ छ । महिला वा अन्य लिंगीको अधिकार खोज्नु पुरुषको अधिकार घटाउने हो भन्ने गलत धारणा छ । लैंगिक समानता खोज्नु पुरुषलाई असमान व्यवहार गर्नु होइन । पुरुषको अधिकार खोस्नु पनि होइन । बरू पुरुषको स्थानमा महिला र अन्य लिंगीलाई पनि पुऱ्याउनु हो । फरक लिंगीका फरक पहिचान, आवश्यकता र समस्या हुन्छन् त्यसलाई बुझ्नु हो । लैंगिक संवेदनशीलता सबैले बुझ्न जरुरी छ । लैंगिक समानताका लागि महिला मात्रै होइन पुरुष पनि बोल्न र जुट्न आवश्यक छ । *रासस*

## मनन्योग्य

### चाणक्य नीति

अप्रत्याशित रूपले यसरी भएको आक्रमणले पुरु: केही हड्बडाए तर धैर्य त्यागेनन्, युद्ध सञ्चालनको काम पुत्रहरूका जिम्मामा दिई सिकन्दरसँग जिउज्यान दिएर लडे । पुरुका दुबै छोरा युद्धमा मरे ।

बाँकी बचेका सेना लिई सिकन्दरको ठूलो सेनासँग युद्ध गरे, तर दुर्भाग्य पुरुको आफ्नै अगाडि रहेका आफ्ना सेना, युनानी सेनाद्वारा मिचिदा हड्बडाएर आफ्नै पक्षका सेनातिर दौड्दै आउँदा असङ्ख्य सेना हात्तीले कुल्चिएर मर्न पुगे । अन्तमा पुरुले लडाई हार्नुपऱ्यो । सिकन्दरले उनलाई बन्दी बनायो ।

अर्को दिन सिकन्दरका अगाडि पुरुलाई खडा गरियो । हतकडी लगाइएका पुरुसँग सिकन्दरले प्रश्न गऱ्यो- 'तपाईंसँग म कस्तो व्यवहार गरू ?'

'त्यही जो एक राजाले अर्को राजासँग गर्छ'- निडर भई पुरुले जवाफ दिए । यस्तो वीरोचित कुराले अवाक् भयो सिकन्दर । धेरै समयसम्म पुरुलाई उसले हेरिरह्यो र केही हाँस्दै भन्यो- 'तपाईं महाराज भन्न योग्य हुनुहुन्छ, म मित्रताको हात बढाउँछु भन्दै जितेका राज्य र अन्य साना राज्यसमेत उनलाई फिर्ता गरेर उनकै राज्यमा मिलाइदियो ।'

यसपछि सिकन्दर आफ्ना सेनाका साथ 'ग्लोगेनिकाई' नामक उत्तर-पश्चिम जनजाति प्रदेशमा पस्यो । त्यहाँका मानिसले आत्मसमर्पण गरे । त्यो पनि सिकन्दरले पुरुकै राज्यमा मिसायो । चिनाव नदी पार हुन सिकन्दरले ठूलो नोक्सानी व्यहोर्नुपऱ्यो । त्यसपछि उसले रावी नदी पनि पार गयो ।

रावीमा कैथियानहरूको (कठ) राज्य थियो । उनीहरू हम्मेसी आत्मसमर्पणका पक्षमा थिएनन् । कठहरूसँगको युद्धमा विजय पाउन सिकन्दरलाई बडो मुस्किल पऱ्यो । धेरै सिपाही मर्नुका साथै त्यस डरलाग्दो युद्धले सिपाहीको उत्साह भंग भयो । कठ राज्य नगिचै सौभूति राज्य थियो । त्यहाँका राजाले भने सिकन्दरसमक्ष आत्मसमर्पण गरे ।

व्यास नदीका किनारमा पुगेपछि सिकन्दरलाई थाहा भयो- पारितिरको उर्वरा भूमिमा बलवान् किसानहरूको गणराज्य छ । त्यो राज्यको शासन अत्यन्तै सशक्त छ । त्यस राज्यदेखि पर फैलिरहेको नन्दको साम्राज्य मगध छ । मगधमा ठूलो सेनाका साथै हात्तीहरूको बाहुल्य रहेको छ । क्रमश :





## म त भाँडा माझेर बसेको केटो !

सुरिलो स्वर, जुंगाको रेखी बस्दै गरेको भर्खरको अल्लारे केटो । नमस्कार ! भन्दै गाउँ घुम्दै थियो । धेरैले वास्ता पनि गरेनन् । कतिले त यस्ता जावा भन्न पनि छाडेनन् । तर पनि केटो नमस्कार गर्दै एक हुल कार्यकर्ता लिएर घरदैलो गर्दै थियो ।

एउटी बूढी आमैले सोधिन् ? को हो रे बाबु तिमी ? ल, आमाले चिन्नुभएन ? म त उही त हो नि नेम्बाङको छोरो सुहाङ । उसले बोल्न नपाउँदै बूढी आमाले उत्तर दिई नेम्बाङको छोरा स्वांग ! अनि तिमी के स्वाङ पारिरहेका छौ त बाबु ?

हैन नि आमै म त हजुरहरूसँग भोट माग्न आको । हजुरले जसरी बुवालाई भोट दिएर पठाउनुभो त्यसैगरी मलाई पनि जिताएर सांसद बनाइदिनुपरो ।

ए ठीकै छ नि । चुनाउको दिनसम्म हेरौला !

हेरौला हैन नि आमै, म त नाति केटोजस्तै त हुँ, युवा छु । केही गर्नु पर्ने जोश जाँगरले हजुर हरूको घरदैलोमा आएको छु । नाइँ नभन्नु ल ?

नाइँ भने पनि ल भने पनि युवाहरूको पनि देखिएकै छ । त्यो दारीवाल पनि अस्ति भर्खर आएर विरासत धान्छौं भनेर उ त्यही चौतारीमा भाषण छाँटेर गाको । अब दारीवालले नेम्बाङको विरासत लिने हो कि तिमी स्वांगले भन्ने नै अलमल भो । दुइटै केटौले छौं । बूढाहरू पनि देखियो, उमेर पाकेकाहरू पनि देखियो ! छिप्पिसकेको शासन पनि देखियो । खै के गरौंला र ?

गर्छौं आमै । आफ्नो देशका लागि जसरी पनि त गर्नुपऱ्यो नि । अर्काको देशमा त कति गरियो गरियो । अब त आफ्नै देश बनाउँछु भन्ने आशाले आको !

केटोले आमैलाई गफ दिँदै गर्दा अर्का अधवैशे प्वाक्क बोले । 'तिमी देश बनाउन आका हौ कि तीन दिनसम्म कुरेर बसेको बाउको सत्गति गर्न आको बाबु ?

विचर, भोट माग्न गाको स्वांगलाई भ्वांग नै पार्दिने गरी उछितो काटे । अधवैशेको कुरासँग हो कि हो कि जस्तै गरेर आमैले फेरि सोधिन् ? अनि बाबु तिमीले त धेरै नै गऱ्यौं होला विदेशमा ।

गरैं नि आमै । कम दुःख थियो र गएको एकै हप्तामा भाँडा माझ्ने काम गरियो । भाँडा माझ्ने, कपडा बेच्ने गर्दा गर्दै पछि त म चाउमिन, स्याण्डवीच बनाउन पनि जान्ने पो भइसकेको थिएँ त !

विचरा स्वांग सीधा कुरा गरेर सबै भ्वांग पारिहाले । स्वांगको बोलीमा मिलेमतोको स्वाद चाखेजस्तै गरी अधवैशेले भने । ठिकै हो अब उता भाँडा माझ्नेदेखि सबै काम जानेर आका रैछौं ।

स्वांगले पनि सीधा उत्तर दिए- हो नि कम्ता दुःख थिएन र आम्मामा ! ल जेहोस् अब विदेश नजाने भनेर आको छु । हजुरहरूले भोट दिएर जिताउनुपर्छ ।

आमैले त ठिकै हो जस्तो गरी ल ल बाबु हामी विचार गरौंला नि भनिन् । तर अधवैशेले भने भनिहाले- खै जसलाई भोट दिएर पनि केही हुने वाला छैन । तिम्रा बालाई पनि वर्षौं वर्ष दिएकै हो । आफ्नै छोराहरूलाई त देशमा राख्न मिल्ने गरी रोजगारी सिर्जना गर्न नसकेर विदेश धपाए । मर्ने बेला अनुहार पनि देख्न पाएनन् । अब तिमीहरूले पनि युवाहरूलाई त्यसैगरी विदेश धपाउने बाहेक के गरौला र ?

अधवैशेलाई फकाउँदै स्वांग बोले । अब त्यस्तो हुँदैन । मानिस सँधै एउटै हुँदैन नि । अब त युवाहरूले नै गर्ने हो देशका लागि ?

गर्ने हो त भन्ने हो तर कसका लागि गर्छनन् भन्ने छ घाम जत्तिकै छर्लंग छ नि । दश वर्ष बमबारुदमा खेल्नेले त भाई छोरी ज्वाई बाहेक कोही देखनन् । अब तिमी त अझै विदेशहा भाँडा नै माझ्न थालिसकेका मान्छे । यही इलाममा इलम गरेर बसेको भएपनि हो कि भन्नु । त्यस्तो बाबुको छोरो त देशको माटो बेचेर विदेश गयौं । तिम्रा बाहरूले बाध्य पारे । अब त उही हो ।

वरिपरि गुचुमुच्च परेर बसेका गाउँलेहरू अधवैशेको कुरामा भित्रैबाट स्वीकृत गरिरहेका थिए । ताली बजाउनेको पनि कमी थिएन । कतिपय त छोराछोरीले विदेश पठाइदिएको 'दाइफोन'बाट भिडियो खिचिरहेका थिए । नेपालमा चर्चित पत्रकार नै जस्तै गरी ।

हुन पनि अहिले त एउटै घरमा दुई-चार पत्रकार नभएको भेट्नै मुस्किल पर्ला । एकताका एउटा टेलिभिजनले फलाक्थ्यो । टोलटोलमा पत्रकार भनेर । तर त्यसलाई पनि माथ ख्वाउनेगरी अहिले त घरघरमा पत्रकार । त्यसैले पनि होला स्वांगको अगाडि भ्यांग परेकाहरू भिडियो खिच्नेहरू धकेला धकेल गर्दै थिए । मानौ कि त्यहाँ ठूलै काण्ड नै भएको जस्तो गरी ।

आजकल त के भो र भ्रम छर्ने कुरालाई मार्क जुकरवर्गले सजिलै ठाउँ दिएकै छन् । सत्य होस् कि झूठो होस् । तुरुन्त तुरुन्दै विश्वभर पुऱ्याइदिन्छन् । पहिले पो खर्च बर्च टन्नै हुन्थ्यो । नेपालीलाई भोजभतेर गर्नुपर्थ्यो ।

अहिले त मोबाइलबाट खिच्यो, डलर तिऱ्यो । भोजभतेर उतै डलरबाटै गर्छन् । न सीपको चिन्ता न ज्ञानको आवश्यकता । हुरी आको जस्तो भुटुङटुङ 'लाइक' आएपछि त मान्छे गज्जबैको रैछ भन्ने भइगो । उता भाँडा माझ्दै लुगा बेच्दै स्वाण्डवीच बनाको पारिश्रमिक थाप्ने डलर कार्ड छँदैछ । भुटुङटुङ बुष्ट हान्दियो गुटुङटुङ गईहाल्छ । तात्तो न छारो ।

सत्यकुरा बोलेकै छ क्यार । बाउ जति नै ठूलो नेता भएपनि । जागिर ख्वाउन सकेनन् । नेपाल सरकारले रोजगारी दिएन । अनि त भाँडा माझ्न नगएर यही सुन तस्करी गरेर बस्नु त ? स्वांगले मनमनै अधवैशेलाई उत्तर दियो ।

लण्डनमा २० वर्ष पढ्न पठाको भनेको देउवाको छोराले सेनेटेरी प्याडको ठेक्का हान्ने, हाम्रै काका पर्ने ईश्वरको छोराले ओम्नी ठेक्का हान्नी, महरा काकाको छोरा सुन ठेक्का हान्ने, टोपबहादुर बाउछोरा मान्छे बेच्ने ठेक्का हान्ने अनि मैले बाउले जागिर ख्वाउन नसकेर विदेशमा भाँडा माझ्दाचाहिँ सबलाई ल्याङ हुने ।

म त विदेशमा भाँडा माझेर बसेको केटो सत्य बोल्न नि नहुने । दिने भए सीधा देऊ, नदिने भए फर्काइदेऊ । नेवाङको छोरो हुँ सुहाङ, जतातत्तै देख्छु भ्वाङ, सधैंभरि यस्तै हुने के को ल्याङल्याङ !

# किच्चकबधमा भेटियो दरबारको भग्नावशेष

**बनियानी (झापा)**- झापाको भद्रपुर नगरपालिका-३ स्थित धार्मिक तथा ऐतिहासिकस्थल किच्चकबधमा एउटा पूर्ण दरबारको ऐतिहासिकता दर्शाउने भग्नावशेष फेला परेको छ ।

पुरातत्त्व विभागको टोलीले सातौं पटक गरेको उत्खननका क्रममा उक्त भग्नावशेष फेला परेको पुरातत्त्वविद् उद्धव आचार्यले जानकारी दिए । भद्रपुर-३ पृथ्वीनगरस्थित देउनिया नदी र मेची नदीको किनारमा रहेको किच्चकबधको ऐतिहासिकता प्रमाणित गर्न पुरातत्त्व विभागको यही चैत २ गतेदेखि १८ गतेसम्म सातौं पटक उत्खनन गरेको थियो ।

पुरातत्त्वविद् आचार्यको नेतृत्वमा पुरातत्त्व विभागका अधिकृत नवराज अधिकारी, इञ्जिनियर रोशनी महर्जन, प्राविधिक सहायक महेशबाबु शर्मा राजोपाध्याय र फोटोग्राफर राजन पौडेलले उत्खनन गरेका थिए । पहिलोपटक पुरातत्त्वविद् आचार्यको नेतृत्वको टोलीले वि.सं. २०५८ मा किच्चकबधमा उत्खनन सुरु गरेको थियो ।

हालसम्म गरिएको उत्खननका क्रममा किच्कबधको उत्तरपूर्वमा एउटा बहुतले ठूलो भवन, ठूलो भवनकै केही दक्षिणमा अर्को भवन, सोही भवनकै उत्तर-पश्चिम छेउमा सेन्ट्री बस्नेसहितको भवन, सोही भवनको केही पश्चिम-दक्षिणमा अर्को बहुतले भवनको भग्नावशेष फेला परेको छ । यी चारवटा भवनको दक्षिणतिर २०० फुटको दूरीमा सुरक्षा प्रमुखसहित अरू सुरक्षाकर्मी बस्ने शैलीको दुईतले भवन गरी पाँचवटा भवनका संरचना फेला परेका पुरातत्त्वविद् आचार्यले जानकारी दिए ।

यसअघिका उत्खननबाट फेला परेका पुरातात्त्विक सामग्रीको वैज्ञानिक परीक्षणबाट इसापूर्व प्रथम शताब्दीतिरको मानव सभ्यतासँग गाँसिएका प्रमाणित भएको आचार्यले बताए । 'यो आधारमा किच्चकबधको ऐतिहासिकता २२ सय वर्ष पुरानो भएको पाइएको छ,' उनले भने, 'भारतमासँग कुषाणकाल चलेको समयमा यस स्थलमा पनि कुनै शासकको दरबार र किल्ला रहेको हुनसक्छ । पाँचौं शताब्दीसम्म कायम रहेको (भारतको गुप्तकालसम्म) अनुमान छ ।'

उत्खनन गरिएका संरक्षितस्थलमा मानिसले टेकेर हिँड्न नहुने आचार्यले बताए । 'यो ठाउँमा मानिसको आवतजावतले संरक्षित अवशेष भत्किने गरेको पाइएको छ,' उनले भने, 'संरक्षण समितिले सुरक्षित राख्नसक्ने हो भनेमात्र यसको ऐतिहासिकता सुरक्षित रहन सक्छ ।' *रासस*

# दिप्रुङ चुइचुम्मामा आधारभूत अस्पताल सञ्चालनमा

**खोटाङ (प्रस)**- दिप्रुङ चुइचुम्मा गाउँपालिका-२ डाँडागाउँमा पाँच शयय्याको आधारभूत अस्पताल सञ्चालनमा आएको छ । गाउँपालिकाको आफ्नै लगानीमा विशेषज्ञ चिकित्सकसहित अस्पतालले उपचार सेवा थालेको छ ।

प्राथमिक स्वास्थ्यचौकी डाँडागाउँको भवनमा स्थापना गरिएको आधारभूत अस्पतालमा अब दिनरात स्वास्थ्य सेवा प्रवाह हुने गाउँपालिकाका प्रमुख लोकेन्द्र राईले जानकारी दिए । 'अस्पताललाई चाँडै १५ शयय्यामा विस्तार गर्ने योजना छ । आधारभूत अस्पतालमा तत्काल एक मेडिकल अधिकृतसहित १४ स्वास्थ्यकर्मी परिचालन गरिएको छ,' उनले भने, 'अस्पतालमा नियुक्त गरिएका स्वास्थ्यकर्मीले दिनरात सेवा प्रवाह गर्ने छन् । अस्पताललाई अन्य सुविधा सम्पन्न अस्पतालसरह सेवा दिनेगरी क्रमशः स्तरोन्नति गर्दै लैजाने योजना छ ।'


## तु-आवश्यकता

यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

1. Manager - 3 (F/M)
2. Office Secretary-1 (F/M)

नोटः कम्तीमा Bachelor Degree पास गरेको, सम्बन्धित क्षेत्रमा २ देखि ३ वर्ष अनुभव, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, कम्प्युटरको ज्ञान हुनुपर्ने छ ।

तलबः आपसी समझदारीमा

GREATER VISION OVERSEAS PVT. LTD.
Gaushala KTM, Tel: 01 4575285, 01 4576016, 9841274008


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७९/०२/२० मा दर्ता भएको **प्रा.लि. नं. २९१६८५** को **कुसुम स्पा एण्ड ब्यूटी केयर सेन्टर प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/१२/१९ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## मानिस हराएको सूचना



अनिता राई

पञ्चदल राईको नातिनी हेम राईको छोरी काठमाडौं महानगरपालिका वडा नं. ३ ठेगाना भै हाल ललितपुर महानगरपालिका वडा नं. १४ बस्ने विरेन्द्र विर थिङको श्रीमती **अनिता राई** विगत १२ वर्षदेखि वेपत्ता भएको हुँदा फेला पार्नु हुने महानुभावहरूले नजिकको प्रहरी चौकी वा निम्न सम्पर्क नं. मा खबर गरी दिनुहुन अनुरोध गर्दछु ।

**विरेन्द्र विर थिङ (पति)**
सम्पर्क नं. : 9849546567


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FAYROUZ ABDOBIN YAHYA HADER TRADING EST
पूर्व स्वीकृति मिति २०८०/१२/१४ | LT. No. 302644 | चलानी नं. ६०२१७६६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Tailor | 1 | 0 | 1500 | ५३,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८० चैत २७ गते (9th April 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

